# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं,भदौ २६ गते२०५४साल (अतिरिक्ताङ्क२७(क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय अर्थ मन्त्री श्री रविन्द्रनाथ शर्मा विश्व प्रसिद्ध समाज सेवी मदर टेरेसाको अन्त्येष्ठीमा भाग लिन २०५४ साल भदौ २७ गते भारतको कलकत्ता जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय विज्ञान तथा प्रविधि मन्त्री श्री प्रेमबहादुर भण्डारीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जनसंख्या तथा वातावरण मन्त्री श्रीमती विद्यादेवी भण्डारी नाइन्थ मिटिङ अफ द पार्टिज टु द मोण्ट्रियल प्रोटोकल सम्बन्धी बैठकमा भाग लिन २०५४ साल भदौ २८ गते क्यानाडाको मोण्ट्रियलमा जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा मन्त्री श्री देवीप्रसाद ओझाले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय वाणिज्य मन्त्री श्री सर्वेन्द्रनाथ शुक्ल ल्हासामा आयोजना हुने एक देशीय आर्थिक तथा व्यापार मेलाको उद्घाटन समारोहमा भाग लिन २०५४ साल भदौ २८ गते जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासा जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वाणिज्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय विना विभागीय मन्त्री श्री राजिव पराजुलीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।